संघीय संसद
राष्ट्रिय सभा
सोहौं अधिवेशन
बैठक-३७
२०८१ भदौ १८ गते, मङ्गलवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१८ बजे*
*बैठक स्थगित : ३:५१ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोहौं अधिवेशनको सैंतिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१८ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य उर्मिला अर्याल**ले सूचना तथा सञ्चार मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङले प्रहरी प्रमुख बसन्त कुँवरलाई अपशब्द बोल्नुभएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य कृष्ण प्रसाद पौडेल**ले भदौ १४ र १५ गते प्रकाशित एमबीबीएस र जनस्वास्थ्यको नतिजामा चिकित्सा शिक्षा आयोगबाट त्रुटि भएको भनी सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य गोमा देवी तिमिल्सिना**ले २०८१ सालमा एमबीबीएस र जनस्वास्थ्य परीक्षाको नतिजा प्रकाशनमा देखिएको त्रुटिप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्र**ले रुसी सेनामा भर्ती भएका ४० जना नेपालीको ज्यान गएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनार**ले एमबीबीएस र प्लस टु परीक्षाको नतिजा प्रकाशनमा देखिएको लापर्वाहीप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**ले रसियाले गैरकानुनी रूपमा नेपालीहरूलाई भर्ती गरेको बताउँदै २०८१ भदौ १४ गतेसम्म ४० जना नेपालीको मृत्यु भएको बताउनुभयो।

**माननीय सदस्य युवराज शर्मा**ले प्रहरी ऐन र प्रहरी समायोजनसम्बन्धी बनेका ऐन २०७६ मा प्रमाणीकरण भए तापनि सरकारको ध्यान नगएको बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य सुमित्रा बि.सी.**ले २०८१ भदौ १२ गते अबिरल वर्षाले कर्णाली राजमार्गको सडक अवरुद्ध भएको बताउँदै आमनागरिकहरूले सास्ती खेप्नुपरेको बताउनुभयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगर**ले संविधान असंशोधनीय विषय नभएको बताउँदै संविधान संशोधन के विषयमा गर्ने भन्ने कुरा महत्त्वपूर्ण रहने बताउनुभयो।

**माननीय सदस्य आनन्द प्रसाद ढुंगाना**ले देशका विभिन्न स्थानमा बाढी-पहिरोका कारण जनधनको क्षति भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य साबित्री मल्ल**ले जाजरकोट, रुकुम पश्चिम र सल्यान भूकम्प प्रभावित क्षेत्र रहेको बताउँदै त्यहाँका स्थानीयबासीहरूले विभिन्न समस्या खेप्नुपरेको बताउनुभयो। अबिरल वर्षाका कारण देशका विभिन्न स्थानमा सडक अवरुद्ध भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। दैलेख जिल्ला पेट्रोलियम पदार्थको हिसाबले राम्रो सम्भावना भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य बामदेव गौतम**ले देशका विभिन्न स्थानमा सडक दुर्घटनाका कारण आमनागरिकहरूले ज्यान गुमाए तापनि सडक सुधारमा अझै पनि सरकारको ध्यान नगएको बताउनुभयो।

**माननीय सदस्य गोपाल कुमार बस्नेत**ले प्रदेश संसदको सम्बन्धमा माइतीघर मण्डलामा दिनहुँ जुलुस, धर्ना प्रदर्शन भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। तोकिएको समयमा कुनै पनि योजनाहरू सम्पन्न नभएको बताउनुभयो। मुलुकलाई भ्रष्टाचारमुक्त बनाउन सके देशको विकास हुने बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य घनश्याम रिजाल**ले देशका युवा जनशक्तिहरू विदेश पलायन भएको बताउँदै देशमा रहेका विभिन्न स्रोतसाधनको उपयोग गरी युवा जनशक्तिलाई रोजगारीको अवसर सिर्जना गर्न सके देशको विकास हुनेबारे सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य उर्मिला अर्याल**ले निर्माण व्यवसायीहरूको सबै बक्यौता तुरुन्त भुक्तानी गर्नुपर्ने बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। वैदेशिक रोजगारीका लागि धेरै युवाहरू विदेश पलायन भएको बताउँदै देशमा युवा रोजागरीका अवसरहरू सिर्जना गर्न सरकारसमक्ष आग्रह गर्नुभयो। कर्णाली प्रदेशमा गएको भूकम्पले पुऱ्याएको क्षतिप्रति सरकारको ध्यानाकर्षण गराउँदै उचित राहत र पुनर्निर्माणको माग गर्नुभयो।

**माननीय रुकमिणी कोइराला**ले नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरे तापनि त्यसको प्रभावकारी कार्यान्वयन नभएको बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिसोर साह सुडी**ले सभाको आकस्मिक समय, शून्य समय र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित** विषयमाथि जवाफ दिनका लागि समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी पत्र प्राप्त हुन आएको जानकारी गराउनुहुँदै उक्त पत्रको ब्यहोरा सभा समक्ष पढेर सुनाउनुभयो।

"**विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान एक (१) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

| **क्र.सं.** | **विधेयकको नाम** | **प्रमाणीकरण मिति** |
|---|---|---|
| १ | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/०५/१३ |

(नारायणप्रसाद शर्मा दुवाडी)
सचिव
२०८१ भदौ १३ "

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को परिच्छेद-८ बमोजिमको प्रश्नोत्तर कार्यक्रम प्रारम्भ भएको जानकारी दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले कार्यसूचीका मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरुको उत्तर दिने कार्यक्रम सुरु भएको र माननीय मन्त्रीले उत्तर दिनु भएपछि प्रश्नकर्ता माननीय सदस्यले चाहेमा प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही **१ मिनेटभित्र** पुरक प्रश्न सोध्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले खानेपानी मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ भएको बताउँदै **माननीय खानेपानी मन्त्री प्रदीप यादवलाई** माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्नुभयो । त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य मदन कुमारी शाह (गरिमा)लाई** आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नुभयो । त्यसपछि, माननीय मन्त्रीले उक्त प्रश्नको जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**लाई पुरक प्रश्न सोधन समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नु भयो । त्यसपछि, माननीय मन्त्रीले उक्त प्रश्नको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ भएको बताउँदै **माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दिपक खड्कालाई** माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्नुभयो । त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य मदन कुमारी शाह (गरिमा)लाई** आफ्नो प्रश्न सोधन समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नुभयो । त्यसपछि, माननीय मन्त्रीले उक्त प्रश्नको जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली**को तर्फबाट **माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता**लाई **"आदिवासी जनजाति आयोगको आ.व. २०७९/८० को चौथो वार्षिक प्रतिवेदन"** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल भदौ २५ गते मङ्गलवार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय
महासचिव